आज मिति २०७७।०३।२३ गतेका दिन यस चौदण्डीगढी न.पा. नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसेयो ।

तपसिल ः उपस्थिति

1. श्री खगेन्द्र राई - नगर प्रमुख
2. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
3. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
4. श्री सन्तोष सुवेदी - " " २
5. श्री परशुराम राई - " " ३
6. श्री चरण कुमार राई - " " ४
7. श्री देवनारायण चौधरी - " " ५
8. श्री कमलध्वज राई - " " ६
9. श्री तेजराज तिम्सिना - " " ७
10. श्री श्याम कुमार मगर - " " ८
11. श्री प्रकाश राउत - " " ९
12. श्री राम कुमार खड्का - " " १०
13. श्री देवि कार्की - न.का.स.
14. श्री जानुका कमर - "
15. श्री मदन कुमारी कार्की - "
16. श्री विमला राई - "
17. श्री अस्मिता नेपाली - "
18. श्री प्रमिला दनुवार - "
19. श्री सुन्दरप्रकाश साह - "
20. श्री रविन प्रसाद कुमेगाई - प्रमुख प्रशासकिय अधिकृत

प्रस्तावहरु :-

1. आ. व. २०७७/७८ को बजेट सम्बन्धमा ।
2. धानको बीउ खरिद रकम भुक्तानी सम्बन्धमा ।
3. व्यवसायिक बाख्रापालन स्रोतकेन्द्र बोडिपुरलाई पेश्की दिने बारे ।
4. कृषि समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।
5. दोस्रो चरणको राहत वितरण खर्च भुक्तानी सम्बन्धमा ।
6. सानाकिसान कृषि सहकारी र महिला भवनको [illegible] सम्बन्धमा ।

७. ~~[struck out]~~ डे०प्र०अ० को गेट निर्माण सम्बन्धमा ।
८. रोजगार कार्यक्रम सम्बन्धमा ।
९. जनता मा.वि. हडियाको NCC तालिम खर्च सम्बन्धमा ।
१०. 'घ' वर्गको निर्माण इजाजत दिने सम्बन्धमा ।
११. मालपोत कार्यालय उदयपुरको माग सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा हाल विश्वभर महामारी-कोरुपमा फैलिएको कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण गर्नु पर्ने आवश्यकतालाई समेत मध्येनजर गर्दै नेपाल सरकारद्वारा जारी कोभिड-१९ को परिदृष्यमा स्थानीय तहको वार्षिक बजेट तर्जुमा ~~[struck out]~~ गर्ने सम्बन्धमा जारी निर्देशन समेतको आधारमा यस न.पा. को आगामी आ.व. २०७७/०७८ को लागी प्रतिवडा रु. ५०,००,०००।- (पचास लाख) बराबरको बजेट सिलिङ्ग पठाउने र अन्य बजेटको सम्बन्धमा न.पा. को चालु खर्च छुट्याई विषयगत समितिहरु मार्फत छलफल गरि आगामि बैठकमा पेश गर्ने निर्णय गरियो ।

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस न.पा. को मिति २०७७/०१/२९ गतेको निर्णय अनुसार न.पा. को रु. ४००,०००।- र कृषकको रु. ४००,०००।- गरी रु. ८००,०००।- को धानको बीउ खरिद गर्ने निर्णय भएकोमा किसानहरुको माग बढ्न गई जम्मा रु. ११,६२,२२५।- को धानको बीउ खरिद भएको हुँदा उक्त रकम को ५०% ले हुने रकम भुक्तानको लागी रु. ४००,०००।- मात्र ~~[struck out]~~ व्यवस्थापन भएको हुँदा बाँकी रकम नगर प्रमुख कोष (अन्य कार्यक्रम खर्च शीर्षक) बाट भुक्तानी गर्ने निर्णय गरियो ।

नि.नं.३ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा. को व्यवसायिक पशु/कृषि तर्फको स्वीकृत कार्यक्रम अनुसार बाख्रा पालन स्रोत केन्द्र खिडिपुरलाई हेल्भेटास तर्फको रकम बाट रु. ५००,०००।- पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९ को प्रस्ताव ... निर्णय पुर्व गरे अनुसार ... छुटेकुछ !

[signatures]

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको कृषि तथा पशु तर्फ स्वीकृत कार्यक्रम अनुसार उन्नत जातका बोका, ~~..~~ बिउ खरिद, बंगुरको दाना खरिद तथा थ्रेसर खरिद गर्ने सम्बन्धमा मिति २०७७।२।२० गते र मिति २०७७।२।२३ गतेको कृषि समितिको निर्णय अनुमोदन गरी सोही अनुसार खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको निर्णय अनुसार दोस्रो चरणको राहत वितरणको लागि प्रतिवडा रु.४५०,०००।- उपलब्ध गराइएकोमा केही वडामा तपसिल उक्त रकम बाट राहत वितरण गर्न रकम अपुग भएकोले तपसिल अनुसारका वडाहरुले थप रकमबाट वितरण गरेको राहतको खर्च रकम भुक्तानी दिने निर्णय पारित गरियो।

तपसिल

१. वडा नं. ७ रु. ५८,२३५।-
२. वडा नं. ९ रु. २,३१,६५०।-
३. वडा नं. ५ रु. १,५५,७५९।-
४.

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको प्रशासनिक भवन निर्माण स्थलमा हाल सञ्चालनमा ~~रहेकोमा~~ रहेका सानाकिसान कृषि सहकारी र नवज्योति महिला समाजको कार्यालय हटाउनु पर्ने भएकोले तत्कालको लागि उक्त दुवै कार्यालय सञ्चालनको लागि गाउँपालिका वडा नं. ७ बस्ने कुलचना बस्नेतको घरको ५ वटा कोठा मिति २०७७।२।२२ गते देखी लागू हुने गरी गाउँपालिका बाट घरभाडामा लिने निर्णय गरियो।

[illegible]

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा डोप्रुङ्गा बेन्सारको पूर्वी गेट निर्माणको खर्च रकम रु. यस गाउँपालिकाको नगर प्रमुख कोष अन्य कार्यक्रम खर्च शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.व.को लागि यस न.पा.लाई प्राप्त रकमबाट एउटै योजना संचालन गर्नको लागि हालको कोरोना महामारीको कारण सम्भव नभएकोले कामकालागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को परिच्छेद ४ दफा १० बमोजिम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम, काठमाण्डौबाट प्राथमिकिकरण भईआएको सवै वडाको आयोजनाहरु मध्ये तपसिलमा उल्लेखित प्रति वडा एक आयोजना संचालन गरि सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगार उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | रानीटार, चारघरे, कटरबोटे, चारघरे सुगाचरी वंशिला मोटरबाटो मर्मत | १ | |
| २ | भ्रोडापाटाबाट माडिवास जाने कुमाङ्ग वस्तीमा स्लाव कल्भर्ट सडक निर्माण | २ | |
| ३ | भोर्लेनी खेल मैदान निर्माण | ३ | |
| ४ | अपरकाली सिंचाई नहर निर्माण | ४ | |
| ५ | वडा भरीको बाटो, खानेपानी कुलो मर्मत | ५ | |
| ६ | समावेशी तालिम केन्द्र तथा सभाहल निर्माण योजना | ६ | |
| ७ | चौदण्डीगढी नगरपालिका कार्यालय प्रांगण भित्र फलफुलका विरुवा रोपन तथा बगैचा निर्माण | ६ | |
| ८ | हाङ्गबजार पानी ट्याङ्की देखि सितापाईला टोलविकास संस्था जोड्ने बाटो निर्माण | ७ | |
| ९ | शिखरपुर, कात्तिके, श्रीपंचमी सडक स्तरोउन्नती | ८ | |
| १० | विष्णुजंग खानेपानी आयोजना | ९ | |
| ११ | जरुवा पानी सडक नाला सहित ग्रावेल | १० | |

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नपा को वडा नं.६ हडियामा संचालित भरता मा.वि. द्वारा संचालित एन.सि.सि. तालिमको लागि खरिद गरेको ट्र्याकसुट, जर्सी, जुत्ता तथा शैक्षिक भ्रमण बापतको खर्च रकम यस नपा को प्रदेश स्तरीय खेलकुद प्रतियोगिता संचालन तथा खेलकुद गतिविधि सम्बन्धि खेलमैदान विस्तार मर्मत र स्तरोन्नती र आवश्यकता अनुसार विविध खर्चबाट भुक्तानी गर्ने निर्णय गरियो। खर्च रकम रु. १६०,०००।- मात्र।

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नपा को वडा नं. ६ मा रहने गरी दर्ता हुन आएको एच.एम.एन. कन्स्ट्रक्शन प्रा.लि.लाई यस नपा को स्वीकृत मापदण्ड अनुसार प्रक्रिया पुरागरी दर्ता हुन आएको हुँदा उक्त फर्मलाई 'घ' वर्गको निर्माण इजाजत दिने निर्णय गरियो।

नि.नं.११ प्रस्ताव नं. ११ माथी छलफल गर्दा मालपोत कार्यालय उदयपुरको च.नं. ३८०६ मिति ०७७।२।२५ गतेको प्राप्त पत्र अनुसार उक्त कार्यालयको मोठ तथा लिखत व्यवस्थापन कार्यको लागी काठको दापरखाना तथा डिमाण्ड दराज स्टोरमार्फत गाइबाट भएको खर्च रकम रु. ८८,४८०।- मात्र उक्त दापरखानालाई भुक्तानी दिने निर्णय गरियो।

Scanned with CamScanner